**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख १७ गते**
प्रदेश ५ सामाजिक विकास मन्त्रालयका अनुसार हालसम्म ७ सय ९९ को स्वाव परीक्षण गरिएकोमा ५ सय २५ जनाको रिपोर्ट नेगेटिभ आएका र २ सय ७४ जनाको परीक्षणको प्रक्रियामा रहेको छ । यसैगरी ३ हजार ७ सय ९९ जनाको आरडीटी परीक्षण गरिएकोमा ३ हजार ७ सय ९७ जनाको रिपोर्ट नेगेटिभ र दुई जनाको पोजेटिभ आएकोमा स्वाव परीक्षणमा नेगेटिभ आएको छ ।
यसैगरी वैशाख १७ गते प्रदेश ५ मा १ सय ४४ जनाको आरडीटी  र २ सय ३५ जनाको स्वाव परीक्षणका लागि पठाइएको छ ।

**इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार जिल्ला समन्वय समितिको संयोजनमा जिल्ला स्थित प्रदेश सांसदहरूले जिल्लाका  १० वटा स्थानीय तहको अनुगमन सहित अन्तरक्रिया गरेका छन् ।
निर्वाचन क्षेत्र नम्बर १ मा प्रदेश सांसदहरू नारायण आचार्य, युवराज खनाल, रमा घर्ती र निर्वाचन क्षेत्र नम्बर २ मा बिरबहादुर राना, बसन्त घर्ती मगर, डा. पुरन बज्राचार्य सहित जिल्ला समन्वय समितिका कावा मिरा मरासिनी,  जिल्ला समन्वय अधिकारी र पत्रकारहरूको संयुक्त टोलीले छुट्टा छुट्टै अनुगमन गरेका थिए ।
अनुगमन टोलीले प्रत्येक स्थानीय तहमा पुगेर जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी, स्वास्थ्य शाखाका प्रमुख सहित सर्बदलीय समितिसँग  कोरोना भाइरस रोकथामका प्रयास, राहत वितरणको अवस्था, स्वास्थ्य सेवाको अवस्था, क्वारेण्टाइन र त्यसको व्यवस्थापनको अवस्था, लकडाउनका कारण प्रभावित बिकास योजना तथा अन्य समसामयिक बिषयमा अर्न्तक्रिया  गरेको प्रदेशसभा सदस्य नारायण आचार्यले बताउनु भयो ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती अचार्य**का अनुसार बिजयनगर गाउँपालिकाले सिमाक्षेत्रलाई सुरक्षित गर्नकालागि म्यादी प्रहरी भर्ना गर्ने भएको छ । प्रहरीको जनशक्तीले मात्र सिमाक्षेत्रलाई सुरक्षा दिन नसक्ने भएपछि बिजयनगरको सिमाक्षेत्रमा ५० जना म्यादी प्रहरी खटाईने गाउँपालिकाले जनाएको छ । वैशाख १६ गते बसेको सर्वदलिय बैठकले दैनिक ज्यालादारी सेवामा पदपूर्ती गर्न तीन दिनभित्र दरखास्त दिन आवह्‌न  गरेको छ ।
जिल्लामा अत्यावश्यक कामलाई खुकुलो बनाउनुको साथै साना योजना तथा विकास निमार्णका कामहरु सामाजिक दुरी कायम गर्दै सुरक्षित तवरबाट सुचारू गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोबिन्द भट्टराईले बताउनु भयो ।
कृष्णनगर नपाले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले गरेको लकडाउनका कारण गरिब , अति विपन्न घरपरिवारलाई  दोस्रो चरणको राहत वितरण गर्नका लागि ३ हजार घरपरिवारलाई छनौट गरेको जनाएको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार  विश्वमा फैलिरहेको कोरोना भाइरसको सङ्क्रमणको कारण लकडाउन भएपछि प्रदेश ५ सरकारले विद्यालय तहको पाठ्यपुस्तक व्यवस्थापन गर्न पाठ्यपुस्तकलाई औषधिजन्य सामग्रीको रुपमा मान्यता दिने भएको छ ।
लामो समयसम्म लकडाउनको बीचमा सुरू भएको नयाँ शैक्षिक शत्रमा बालबालिकाहरूको हातमा पाठ्यपुस्तक पुरयाउनका लागि प्रदेश सरकारले त्यस्तो मान्यता दिने प्रेस विज्ञप्ती मार्फत जनाएको छ ।
प्रदेश ५ को सामाजिक विकास मन्त्रालयले पाठ्यपुस्तक व्यवस्थापनको सन्दर्भमा ‘पाठ्यपुस्तक बिक्री वितरणको लागि अन्य खाद्य वा औषधिजन्य सामग्रीहरू सरह सामाजिक दुरी कायम गर्दै

सुरक्षा सतर्कता अपनाउने र ढुवानीको लागि पास उपलब्ध गराउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई अनुरोध गरेको छ । परीक्षाफल प्रकाशन पश्चात विद्यालयहरूले यथासम्भव कक्षागत पाठ्य पुस्तकहरूको व्यवस्था गर्ने भनेको छ । तर नीजि प्रकाशनको पाठ्यपुस्तकको बिषयमा भने स्पष्ट गरेको छैन् ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार जिल्ला प्रशासन कार्यालयले लकडाउनको अवस्था र क्वारेण्टाइनको अवस्थाको साथै बजार  अनुगमनलाई तिब्रता दिएको छ । चैत १७ गते जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत लक्ष्मण फाण्डेय, इन्सेक जिल्ला  प्रतिनिधि टोपलाल अर्याल, उपभोक्ता हक हित सङ्रक्षण मञ्चका अध्यक्ष ललिता गौतम, इन्स्पेक्टर राजकुमार लम्साल र छत्रकोट गाउँपालिकाको टोलीले छत्रकोट गाउँपालिकाका मुख्य बजार श्रृङ्गा, लुम्छा, भेडुवा लगायतका स्थानमा बजार अनुगमन गरेको छ । प्रमुख जिल्ला अधिकारी भरत कुमार शर्माले धुर्कोट र मदाने गाउँपालिकाका क्वारेण्टाइनको अनुगमन गरेका छन् ।
गुल्मीमा परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले पठाएका स्वास्थ्य सामग्री चैत १७ थते प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्मालाई प्रदान गरिएको छ । स्वास्थ्य सामाग्रीमा  पीपीइ ८७ सेट, गाउन ४० थान, ग्लोव्स ९ सय थान, एन -९५ ास्क २ सय १० थान, सर्जिकल मास्क १४ हजार २ सय थान , स्प्रे एक थान, सेनिटाइजर ७८ लिटर, थर्मगन ६५ थान र शु-कभर र क्याप २४ सेट प्रदान गर्नुभएको छ ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रहेको साझा औषधि पसलको सेवा १७ दिनदेखि अवरुद्ध भएको छ । प्रतिष्ठानले साझाको सेवा नै बन्द हुनेगरी सेनिटाइजिङ टनेल राखिदिएपछि ०७७ वैशाख १ गतेदेखि साझा औषधि पसलको सेवा पूर्णरुपले ठप्प भएको प्रमुख बेलबहादुर पौडेलले जानकारी दिनुभयो ।
नेपाल सरकारको ६५ प्रतिशत स्वामित्व रहेको साझाबाट सर्वसाधारणले सस्तो मूल्यमा औषधि पाउदै आएका थिए । लामो समयदेखि साझा बन्द भएपछि स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन इकाई, स्वास्थ्य आपतकालिन कार्य सञ्चालन केन्द्रले वैशाख १६ गते सेवा सूचारु गर्न गराउन प्रतिष्ठानलाई पत्र लेखे पनि सञ्चालनमा आउन सकेको  छैन ।
उक्त विषयमा नागरिक समाज दाङले वैकल्पिक व्यवस्था हुँदाहुँदै  सेवा नै प्रभावित हुनेगरी सेनिटाइजिङ टनेल राख्नु प्रतिष्ठानको गैर जिम्मेवारीपन भएको ठहर गर्दै तत्कालसेवा सहज बनाउने वातावरण बनाइदिन उपकुलपतिलाई आग्रह गरेको छ ।

**इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण भुसाल**का अनुसार   कोरोना महामारीको कार्य योजना अनुसार जिल्ला प्रहरी कार्यलयले कोरोना भाइरसका कारण मृत्यु भएका ब्यक्तिको  शव व्यवस्थापन सम्बन्धी प्रहरीलाई तालिम दिएको छ ।
लकडाउनका कारण बजारमा तरकारीको अभाव भएपछि सन्धिखर्क नगरपालिकाले कृषि एम्बुलेन्स सञ्चालन गरेको छ । स्थानीय किसानहरूले उत्पादन गरेको तरकारी बिक्रि वितरण नभएको गुनासो आएउनुको  साथै बजारमा तरकारीको अभाव भएकोले घर तथा टोलमा यस्तो सुबिधा दिन लागेको हो ।
भुमिकास्थान नगरपालिका-८ का ४३ वर्षीय पुरूषमा आरडीटी परीक्षण पोजेटिभ देखीए पछि पिसिआर  परीक्षणकालागि स्वावको नमूना प्रादेशिक अस्पताल बुटवल पठाइएको जिल्ला अस्पतालका प्रमुख कपिल गौतमले जानकारी दिनुभयो । उनी १८ दिन अघि पैदल आएका थिए । उनीसँगै क्यारेण्टाइनमा बसेका अन्य दुई जनाको आरडीटी परीक्षण गरिने भएको छ  ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**